# बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८३/०८४ बागमती प्रदेश, नेपाल
सूचना नं.: १५

## बाढीबाट प्रभावित क्षेत्रमा बेपत्ता वा सम्पर्कविहीन व्यक्तिहरुको खोज तथा उद्दार सम्बन्धी सूचना !!!

मिति २०८३/०५/१० गते रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लामा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण भएको ठूलो जनधनको क्षतिले बलेफी गाँउपालिका परिवारलाई अत्यन्त दुःखी र मर्माहत बनाएको छ ।

यस विपद्को समयमा विभिन्न सिलसिलामा विपद् प्रभावित क्षेत्रमा पुग्नुभएका यस बलेफी गाँउपालिका निवासी व्यक्तिहरु हालसम्म पनि परिवार र आफन्तजनको सम्पर्कमा नआएको दुःखद खबर प्राप्त भएको हुँदा विपद् प्रभावित क्षेत्रमा बेपत्ता हुनुभएका तथा हालसम्म पनि सम्पर्कमा नआउनुभएका नागरिकको खोजी कार्यलाई तीव्र बनाउन हालसम्म पनि सम्पर्कमा नआउनुभएका व्यक्तिहरुको पूर्ण विवरण यस गाँउपालिकाको कार्यालयमा उपलब्ध गराइदिनुहुन सम्बन्धित परिवारजन, आफन्त तथा सम्पूर्ण सरोकारवालाहरुमा यो सूचना प्रकाशित गरिएको छ ।

यसरी संकलन गरिएका विवरणहरूका आधारमा यस गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, अन्य स्थानीय तहहरू र सरोकारवालाहरूसँगको समन्वयमा खोज तथा उद्धार अभियानलाई द्रुत गतिमा अगाडि बढाउने व्यहोरा समेत जानकारी गराइन्छ ।

**उपलब्ध गराउनु पर्ने विवरणः**
व्यक्तिको पुरा नाम, थर, ठेगाना, उमेर, लिङ्ग, हुलिया, अन्तिम पटक सम्पर्क भएको स्थान र मिति ।

**सम्पर्कका लागिः**
सुकुलाल तामाङ (विपद् सम्पर्क व्यक्ति) - ९८४३१६८०६२
इमेलः balephi2017@gmail.com, ito.balephimun1@gmail.com

.................
गंगा बहादुर तामाङ
अध्यक्ष
२०८३।०५।१० गते

**(श्री वडा कार्यालय सबै बलेफी गाँउपालिकाः यथाशिघ्र आवश्यक समन्वय, सम्पर्क र सहजीकरण गर्नुहुन)**